जि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९ | स.जि.हु.का.द.नं. ५/०६४/०६५

# राजविराज दैनिक

वर्ष ३० | अंक ५६ | २०७७ साल असोज ६ गते मंगलबार (22 Sep. 2020 Tuesday) | मूल्य रु. ५/-

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहितामा रहेका मुख्य व्यवस्थाहरु:**

- नेपालको अन्तराष्ट्रिय सीमा अतिक्रमण गरेमा, सीमास्तम्भ हटाएमा वा ठाउँ परिवर्तन गरेमा पाँच वर्षसम्म कैद र पचार हजार रुपैयाँ सम्म जरिवाना हुने,
- नेपालको प्रतिनिधित्व गरी खेल खल्ने खेलाडीले खेलमा मिलेमतो (Match Fixing) गरेमा तीन वर्षसम्म कैद र तीस हजार रुपैयाँसम्म जरिवाना हुने,
- नेपाल विरुद्ध जासूसी गर्नेलाई पच्चीस वर्षसम्म कैद हुने,
- राष्ट्रिय गान, झण्डा वा निसान छापको अपमान वा क्षति गर्नेलाई तीन वर्षसम्म कैद वा तीस हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने,
- राष्ट्रिय विभूतिको अपमान गर्नेलाई छ महिनासम्म कैद वा पाँच हजार रुपैयाँसम्म जरिवाना वा दुवै सजाय हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

***Log on : rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : ६ महिनापछि शुरु भयो ... ३ पृष्ठमा : राणाकालीन नेरोगेज रेलको ... ३ पृष्ठमा : भारतमा कोरोना ...

# आईसोलेशनमा उपचारार्थ एक

## महिलासहित दुईको मृत्यु

**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

कोरोना संक्रमणवाट सोमबार सप्तरीमा थप दुई जनाको मृत्यु भएको छ । मृतक दुबै जिल्लाको विष्णुपुर गाउँपालिकाका हुन । योसँगै जिल्लामा कोरोना संक्रमणबाट मृत्यु हुनेको संख्या ११ पुगेको छ ।

बिष्णुपुर गाउपालिका वडा नं. १ निवासी ४९ बर्षिय जागेश्वर यादबको सोमवार बिहान मृत्यु भएको हो । उनलाई श्वास फेर्न समस्या भएपछि चार दिन अघि परिवारजनले धरान लगेका थिए । उनको धरानस्थित विपि कोईराला स्वास्थ बिज्ञान प्रतिष्ठान आईसोलेशनमा उपचारका क्रममा मृत्यु भएको हो ।

स्वाव परिक्षणमा कोरोना पोजेटिभ देखिएपछि आईसोलेशनमा राखी उपचार सुरू गरिएकोमा सोमवार बिहान ५ बजे उनको मृत्यु भएको जिल्ला स्वास्थ कार्यालय सप्तरीले जनाएको छ ।

यसैगरी राजबिराजस्थित साईकृष्णा मेडिकल कलेजको आईसोलेशन सेन्टरमा उपचार गराईरहेकी सोही गाउपालिका ३ कि ६० बर्षिय बुचीदेबी रामको पनि मृत्यु भएको छ ।

दुई दिनदेखि गजेन्द्र नारायण सिह अस्पतालको आकस्मिक कक्षमा उपचार गराईरहेकी उनमा उच्च ज्वरो, खोकी, र स्वास्वप्रश्वासमा समस्या भएपछि आईतवार बिहान स्वाव परिक्षण समेत गरिएको थियो ।

रिपोर्ट पोजेटिभ भएपछि आईतवारै साईकृष्णा मेडिकल कलेजको आईसोलेशन सेन्टरमा भर्ना गरिएकोमा राती ८ बजे उपचारकै क्रममा मृत्यु भएको जिल्ला स्वास्थ कार्यालयका प्रमुख दुनियालाल यादबले जानकारी दिएका छन ।

दुबैको शव सरकारले तोकेको सुरक्षा तथा स्वास्थ मापदण्ड अपनाएर राजविराजस्थित नेपाली सेनाको भिमदल गणका टोलीले ब्यबस्थापन गर्ने तयारी गरेको जनाइएको छ ।

*बाँकी अन्तिम पृष्ठमा*

# रुपनीका वडा अध्यक्ष थापाको निधन



**दैनिक समाचारदाता**
**राजविराज, ५ असोज ।**

सप्तरीको रूपनी गाउपालिका वडा ६ का अध्यक्ष गोबिन्द सिँह थापाको सोमबार निधन भएको छ । उनको ५५ बर्षको उमेरमा निधन भएको छ ।

थापा केही दिन यता पेट सम्बन्धी रोगले थला परेका थिए । उनलाई सोमवार बिहान उपचारका लागि बिराटनगर तर्फ लैजादै गर्दा बाटौ मै निधन भएको परिवारजनले जनाएका छन् ।

यसअघि विराटनगरस्थित विराट नर्सिङ अस्पतालमा नौ दिनको उपचारपछि तीन दिनअघि घर फर्केका अध्यक्ष थापाको स्वास्थ्यावस्था गम्भीर भएपछि सोमबार बिहान बिराटनगर लगिदै थिए ।

यता सार्वजनिक जग्गामा घर बनाएको विरोधमा स्थानीयवासीले अवरोध गरेपछि थापा केही महिनादेखि निकै तनावमा रहेको स्थानियले बताएका छन् ।

गत स्थानिय तहको निर्वाचनमा नेपाली काँग्रेसको तर्फबाट अध्यक्ष पदमा निर्वाचित थापाको निधनप्रति नेपाली काँग्रेस सप्तरीले गहिरो दुख ब्यक्त गरेको छ ।

काँग्रेस सप्तरीका सभापति दिनेश कुमार यादबले एक शोक बक्तब्य जारी गरि गर्दै थापाको निधनले पार्टीलाई अपूर्णिय क्षति भएको जनाउदै शोकसन्तप्त परिवार प्रति सम्वेदना प्रकट गरेको छ ।

भर्ना खुल्यो ! भर्ना खुल्यो !!

सगरमाथा अञ्चलको एक मात्र
ओभरसियरी क्याम्पस
( CTEVT बाट मान्यता प्राप्त )

डिप्लोमा इन कम्प्यूटर इन्जिनियरिङ्ग
(३ बर्षे)

न्यूनतम योग्यता : S.L.C. उत्तीर्ण तथा S.E.E. परीक्षामा अनिवार्य-गणित र विज्ञान विषयमा C ग्रेड र अंग्रेजीमा न्यूनतम D+ ग्रेड, प्राप्तसम्म वा S.E.E. मौका परीक्षामा सामेल हुने विद्यार्थीहरुले पनि फाराम भर्न पाउने छ ।
फारम भर्ने अन्तिम मिति : २०७७ असोज १४ गते सम्म ।

सम्पर्क :
सफटेक इन्जिनियरिङ्ग कलेज
रुपनी रोड, राजविराज-८ (सप्तरी)
फोन नं.-०३१-५२०८३९, मो.नं. ९८०४७०१४२१, ९८२४७२०३९८

भर्ना खूल्यो । भर्ना खूल्यो ॥ भर्ना खुल्यो ॥।

S.L.C. तथा S.E.E. मा कुनै पनि ग्रेडमा उत्तिर्ण भएको विद्यार्थीहरुले फारम भर्न पाउने छ ।
V-JTA भेटनरी जे.टी.ए. १८ महिने

हाम्रा बिशेषताहरु –
- नेपाल सरकारको नीति अनुसार छात्रबृतिको व्यवस्था ।
- औषधी पसलको लाइसेन्स लिन पाउने ।
- OJT को विशेष व्यवस्था भएको ।
- सरकारी तथा गैरसरकारी रोजगार पाउने ।
- कलेजको आफ्नो भवनमा राम्रो प्रयोगशाला तथा पुस्तकालयको व्यवस्था भएको ।

फारम बितरण मिति : २०७७/५/३० गतेदेखी
फारम बुझाउने अन्तिम मिति : २०७७/६/१९

जगदम्बा मेडिकल इन्स्टिच्यूट
राजविराज (रुपनी रोड), सफटेक कलेज नजिक
फोन नं. ०३१-५२१४७८
मो. नं. ९८५२८२०४७२, ९८०४७१२७०५

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनुका साथै स्वदेश भित्र जुनसुकै ठाउँमा रकम पठाउनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु →

iPay remit | WESTERN UNION MONEY TRANSFER | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money | Best Remit | City Express | IME pay | MoneyGram money transfer

जनज्योति कृषि सहकारी संस्था लि.
राजविराज ९, मलेठ, सप्तरी
मोबाइल नं. ९८०१५४९६०१, ६०२, ६०३, ६०४

## सम्पादकीय ....

# शिक्षा नीति बनाऊ

महामारीका विगत ६ महिनादेखी विद्यालयहरु बन्द रहेका छन्। जसकारण विद्यार्थीहरुको पठनपाठन अन्यौलग्रस्त रहेको छ। विद्यार्थीहरु बन्दका कारण प्रभावित छन् नै सँग सँगै शिक्षक, शिक्षिका तथा कर्मचारी र विद्यालयसँग आवद्ध विभिन्न क्षेत्र तहसनहस भएको छ। कतिपय निजि विद्यालयहरुका शिक्षक, शिक्षिका तथा कर्मचारीहरु तलब पाएका छैनन् भने अधिकांश बेरोजगार भएका छन्। नयाँ शैक्षिक सत्र सुरु भएको आधा वर्ष सक्किनै लागेको छ। तर पढाईको नाममा विद्यालय खुलेको छैन्।

यस्तो अवस्थामा विद्यार्थी तथा अभिभावकहरु अहिले मानसिक तनावमा रहेका छन् भने शिक्षक, शिक्षिका तथा कर्मचारीहरु बेरोजगार भई अर्कै काम खोज्न थालेका छन्। सरकार शिक्षा नीतिप्रति दुरगामी दृष्टि बनाउन नसक्दा अबको दिनमा विद्यालय खोल्ने अवस्था आएमा त्यसलाई संचालन गर्ने र महामारीसँग कसरी जुध्ने बारे कुनै सोच रहेको छैन्।

विद्यार्थीहरुको एक शैक्षिक सत्र बित्नै लाग्दा अबको दिनमा सोही सत्रलाई निरन्तरता दिने की नयाँ तरिकाले विद्यार्थीलाई कक्षाकोठामा राख्ने बारे नीति र नियम बनाउनु पर्ने अहिलेको आवश्यकता रहेको छ।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।
होमियोप्याथिक रिसर्च इन्स्टिच्युट
डा. सुशील मोहन दास
(बी.एच.एम.एस)
सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती
Dr. Dinesh Upreti
MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141
कन्सलटेन्ट फिजिसियन
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह
Dr. Parasmani Shah
MBBS (BPKIHS), MD (BPKIHS, Dharan)
NMC Reg. No. : 13297
दुखाई विशेषज्ञ
Anaesthesiology & Critical Care Medicine
गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# ६ महिनापछि शुरु भयो आन्तरिक उडान

काठमाडौँ, ५ असोज (रासस)।

कोभिड-१९ महामारी नियन्त्रणका लागि देशभर लागू गरिएको बन्दाबन्दीको छ महिनापछि आन्तरिक उडान शुरु भएको छ। बन्दाबन्दी शुरु भएको गत चैत ११ देखि साउन ६ गतेसम्म तथा त्यसयता जारी भएको निषेधाज्ञाका कारण झण्डै छ महिना आन्तरिक उडान ठप्प भयो।

सामान्य अवस्थाको २५ प्रतिशत मात्रै उडान गर्नेगरी सरकारले आन्तरिक उडान सञ्चालन गरेको हो। एक सातापछि क्रमशः उडान सङ्ख्या थपिने नियामक नेपाल नागरिक उड्डयन प्राधिकरणले जनाएको छ। वायु सेवा प्रदायक कम्पनीले पनि पहिलो साता २५ प्रतिशत उडान हुने र क्रमशः यात्रुको माग र बजारको आवश्यकतालाई मध्यनजर गर्दै उडान सङ्ख्या बढाइने बताएका छन्।

उडान खुलेसँगै ठूला वायुसेवा कम्पनी बुद्ध एयर र यती एयरलाइन्सको मुख्य गन्तव्यमा ७० देखि ७५ प्रतिशत टिकट बुकिङ भइसकेको छ। सीमित सङ्ख्यामा उडान गर्ने भए पनि एयरलाइन्सले हवाई भाडा वृद्धि गर्न पाउने छैनन्। उनीहरूले सामान्य अवस्थाको भाडादरमै उडान गर्नेछन्। कतिपय गन्तव्यमा न्यूनतम भाडादरमा नै सेवा सञ्चालन गरिने एयरलाइन्सले उल्लेख गरेका छन्। यसअघि भदौ १ देखिनै आन्तरिक उडान खोल्ने सरकारले निर्णय गरेको थियो। राजधानी काठमाडौँसहित देशभर कोरोना सङ्क्रमण बढेपछि आन्तरिक उडान पुनः स्थागन गरिएको थियो। पछिल्लो पटक भदौ मसान्तदेखि देशका विभिन्न स्थानमा लगाइएको निषेधाज्ञा पनि खुला भइसकेको छ। पर्यटन क्षेत्रका होटल, रेस्टुराँलगायत व्यवसाय पनि स्वास्थ्य सावधानी अपनाएर सञ्चालमा आएका छन्।

आन्तरिक उडान शुरु भएसँगै विमानस्थलमा चहल पहल बाक्लिएको छ। बन्दाबन्दी र निषेधाज्ञाको अवस्थामा सीमित सङ्ख्यामा चार्टर्ड र कार्गो उडान मात्र भएको आन्तरिक उडानमा नियमित उडान सेवा शुरु भएपछि आम सर्वसाधरणलाई गन्तव्य पुग्न सहज हुनेछ।

त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलका महाप्रबन्धक देवेन्द्र केसीले विमानस्थलमा उपलब्ध स्रोत साधनको भरपुर उपयोग गरी सुरक्षित हवाई उडानका लागि सबैखाले प्रयत्न गरिएको बताउनुभयो। उहाँका अनुसार अहिले सबै वायुसेवा प्रदायक कम्पनीले स्वास्थ्य प्रोटोकल अपनाएर सुरक्षित हवाईयात्राको प्रक्रिया पूरा गरेका छन्। विमानस्थलका उच्च अधिकारी आन्तरिक उडानको शुरुआती उडानको निरीक्षणका लागि बिहानै विमानस्थलमा पुगेका छन्। "आन्तरिक उडान शुरु हुने दिन सोमबार बिहानै विमानस्थल आएका छौँ, आन्तरिक उडानका वायुसेवा कम्पनीले सुरक्षित उडानका लागि कसरी काम गरिरहेका छन् भनेर निरीक्षणमा छौँ, उनीहरूले स्वास्थ्य मापदण्डको पूर्ण पालनाका साथ यात्रुलाई टर्मिनलदेखि जहाजसम्म पुर्‍याएको देखिन्छ, यसले सुरक्षाको सुनिश्चितता पनि बढ्छ", महाप्रबन्धक केसीले भन्नुभयो।

सुरक्षित उडान सुनिश्चितताका लागि वायुसेवा कम्पनीले नेपाल सरकार तथा विश्व स्वास्थ्य सङ्गठनको स्वास्थ्य मापदण्डलाई ध्यानमा राख्दै आवश्यक प्रक्रिया पुर्‍याएर सेवा सञ्चालन गर्ने प्राधिकरणले जनाएको छ। अहिले दैनिक ५० वटासम्म मात्रै उडान सञ्चालन गर्न सकिने महाप्रबन्धक केसीले बताउनुभयो। सामान्य अवस्थामा आन्तरिकतर्फ जहाजको आगमन र प्रस्थान दुवै गरी दैनिक ३०० भन्दा बढी उडान हुने गरेको थियो। आन्तरिक उडानमा १० हेलिकोप्टरसहित १९ वायुसेवा कम्पनीले उडान भर्दै आएका छन्।

आन्तरिक उडान शुरु भएसँगै सबैजसो एयरलाइन्सको पहिलो रोजाइ पर्यटकीय क्षेत्र पोखरा, चितवनलगायत गन्तव्य छन्। सोमबार बुद्ध एयरले पहिलो उडान पोखरामा गरेको छ। बिहान ८:०० बजे बुद्धको एटिआर ७२ जहाजले ५६ यात्रु लिएर पोखरा उडेको कम्पनीले जनाएको छ। यो उडानमा प्राधिकरणका उच्च अधिकारी, वायुसेवा सञ्चालक सङ्घका पदाधिकारीलगायत पनि पोखरा गएका छन्। बुद्धले काठमाडौँबाट विभिन्न गन्तव्यमा सोमबार १८ उडान गर्दैछ। कम्पनीले राजविराजवाहेक सबै गन्तव्यमा उडान भर्ने जनाएको छ।

यती एयरलाइन्सले पनि पहिलो उडान पोखरा गर्दैछ। यतीले सोमबार तीन उडान पोखरा, भरतपुर र विराटनगर उडान गर्नेछ्च। यता नेपाल वायु सेवा निगम नेपाल एयरलाइन्सले असोज ५ गतेदेखि सञ्चालन हुने आन्तरिक उडानको तालिका सार्वजनिक गरेको छ। निगमले काठमाडौँदेखि देशका विभिन्न १० गन्तव्यमा हुने उडान तालिका बनाएको हो।

# डेढ वर्षमा बर्दिवास-वीरगञ्ज रेल गुडाउने विभागको तयारी

सर्लाही, ५ असोज (रासस)।

महोत्तरीको बर्दिवासदेखि पर्साको वीरगञ्जसम्मको १३६ किलोमिटर रेलमार्गमध्ये ७० किलोमीटरभन्दा बढीमा ब्लास्ट र ट्र्याकमा पटरी ओछ्याउने बाहेकका अन्य काम सकिएको छ।

बर्दिवासदेखि वीरगञ्जसम्मको १३६ किलोमिटर रेलमार्गको जङ्गली क्षेत्रमा रुख कटान गरेर माटो पुर्ने काम तीव्रगतिमा भएको छ। पुल कल्भर्ट निर्माणको काम सम्पन्न भइसकेको छ।

पूर्व मेचीदेखि महाकालीअन्तर्गत जयनगर-बर्दिवास र बर्दिवास-वीरगञ्ज रेल सञ्चालनमा आइसकेपछि जनकपुरसहित प्रदेश २ को सांस्कृतिक र पर्यटकीयसहित आर्थिक क्षेत्रमा ठूलो क्रान्ति ल्याउने नेपाल सरकारको जिकिर छ। दुई सय किमी प्रतिघण्टा गुड्ने योजनासहित विद्युतीय रेल बर्दिवास-वीरगञ्ज रेल सञ्चालनमा आएपछि बर्दिवासबाट वीरगञ्ज मुस्किलले पौने एक घण्टाभित्रै पुग्न सकिने रेल विभागले जनाएको छ।

भारतीय पक्षले रक्सौल पाँच किलोमिटरसम्म निर्माण कार्य सम्पन्न गरिसकेको छ। बर्दिवास-सिमरा १०८ किमिको बर्दिवासदेखि लालबन्दीसम्मको २५ किमि खण्डको पूर्वाधार निर्माण कार्य पूर्णरूपमा सम्पन्न गरेको छ।

नेपाली भूमिमा निर्माण हुने पहिलो रेलमार्ग बर्दिवास सिमरा हुने विभागले जनाएको छ। बर्दिवासदेखि निजगढसम्मको ७० किमि रेलमार्ग बनाउन १० वटा ठूला पुल बनाउने काम पनि जारी रहेको छ। अवस्था समान्य भए सबै निर्माण कार्य पूरा गरी करिब डेढ वर्षभित्रै बर्दिवास-वीरगञ्ज मार्गमा रेल सञ्चालनमा आउने विभागका महानिर्देशक बलराम मिश्रको जिकिर छ। कोरोना महामारीका कारण बर्दिवास-वीरगञ्ज खण्डमा निर्माण कार्य प्रभावित भएको भन्दै अवस्था सामान्य भएमा चाँडै निर्माण कार्यले तीव्रता पाउने महानिर्देशक मिश्रले बताउनु भयो।

विसं २०६७ साउन महिनामा भारतीय कम्पनी राइट्स कन्सल्टयान्टले प्रतिकिलोमीटर रु ३५ देखि ४५ करोड लागत लाग्न सक्नेसहितको सम्भाव्यता अध्ययन गरेको आधारमा पाँच वर्षभित्र पूरा गर्ने गरी राष्ट्रिय गौरवको आयोजनाको सूचीमा राखेर रु ६९ अर्ब ५२ करोडको लागतमा ९४५ किमिको पूर्व पश्चिम रेलमार्गको कार्य अघि बढेको हो।

# स्थानीय प्रशासनले तोक्यो प्याजको बिक्री मूल्य

वीरगञ्ज, ५ असोज (रासस)।

भारतले प्याजको निर्यातमा रोक लगाएपछि नेपालमा त्यसको कृत्रिम अभाव सिर्जना गरेर महँगो मूल्यमा बेचिरहेका व्यवसायीलाई पर्सा प्रशासनले कारवाही थालेको छ। व्यवसायीहरूले प्याजको कृत्रिम अभाव देखाई बढी मूल्यमा बेच्न थालेपछि स्थानीय प्रशासनले त्यस्ता व्यापारीहरूकहाँ छापा मार्न थालेपछि कारवाही प्रक्रिया अघि बढाएको हो।

वीरगञ्ज बजार तरकारीको मुख्य मण्डी मानिएको मीना बजारका केही व्यापारीले प्याजको कृत्रिम अभाव सिर्जना गरी उपभोक्तलाई ठग्दै आएको खबर प्राप्त भएपछि स्थानीय प्रशासनले छापा मार्न थालेको हो। प्रशासनले व्यापारीहरूलाई प्याज बिक्री वितरण गर्न मूल्य तोकेपछि स्थानीय उपभोक्तहरूले राहत पाएको उपभोक्ता विजय पण्डितले राससलाई बताउनुभयो।

पर्साका प्रमुख जिल्ला अधिकारी अस्मान तामाङ र व्यापारीहरूबीच भएको छलफलबाट प्याजको मूल्य तोकेको सामुदायीक प्रहरी सेवा केन्द्रका अध्यक्ष विदुर गुप्ताले बताउनुभयो। स्थानीय प्रशासनमा बसेको सामुदायिक सेवा केन्द्र तथा सामुदायिक प्रहरी सेवा केन्द्रको आइतबार बसेको बैठकले हालका लागि प्याजको थोक मूल्य प्रतिकेजी रु ६५ र खुद्रा मूल्य प्रतिकेजी रु ७५ तोकेको जिल्ला प्रशासन कार्यालय पर्साले जनाएको छ।

यसअघि व्यापारीहरूले कृत्रिम मूल्य सिर्जना गरी प्रतिकेजी रु १०० मा बेच्दै आएका थिए। तोकिएको मूल्यभन्दा बढी रकम लिएर प्याज बिक्री वितरण गरेको पाइए स्थानीय प्रशासनले कानूनबमोजिम कारवाही गरिने बताइएको छ। यसका साथै व्यापारीहरूले आलु, प्याजलगायतका खाद्य सामग्रीको बढी मूल्य लिएर कालोबजारी गरेको उजुरी आएमा पनि कारवाही गरिने जनाइएको छ। वीरगञ्जमा थोक तथा खुद्रा बिक्रेताको सङ्ख्या ५०० को हाराहारीमा छ।

भारतले प्याजको निर्यातमा

बाँकी तीन पृष्ठमा

# राणाकालीन नेरोगेज रेलको सङ्ग्रहालय बनाइने

धनुषा, ५ असोज (रासस) ।

मुलुकमा रेल यातायात सेवाको दोश्रो संस्करण ब्रोडगेज रेल्वेको शुरुआतसँगै राणाकालीन बेलाको नेरोगेज रेलको इन्जन तथा अन्य भौतिक संरचनाहरुको संरक्षण गरी सङ्ग्रहालय बनाउने तयारी समेत थालिएको छ । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक गुरु भट्टराईले ऐतिहासिक चिजबीजहरुको संरक्षण हुनु पर्ने भएकाले तत्कालीन नेपालको एक मात्र रेल्वे सेवा विजलपुरा-जयनगर नेरोगेज रेलको इन्जन तथा संरचनालाई संरक्षण तथा व्यवस्थापनका गरी सङ्ग्रहालय बनाउने तयारीमा रहेको बताउनुभयो ।

महाप्रबन्धक भट्टराईले भन्नुभयो, “इष्ट इन्डिया कम्पनीको ब्रिटिसले चलाएको स्टिम इन्जिनको इतिहास २०० वर्ष पुरानो रहेको छ । यो इन्जिन जर्मनीमा निर्माण भएको हो । अहिले यस्तो खाले भग्नावशेष नेपालबाहेक विश्वमा अन्यत्र कहीँ पनि छैन । यस्तो महत्वपूर्ण पुरानो रेल्वे संरचनाहरुलाई संरक्षण गर्दै सङ्ग्रहालयको रुपमा विकास गर्न स्थानीय तहसँग पहल शुरु गरेको छु ।”

विसं २०७१ तिर सञ्चालन बन्द भएको जनकपुरदेखि विजलपुरासम्म चल्ने नेरोगेज रेल्वेका इन्जिन, बोगी, डब्बा, पार्टपूर्जालगायतका संरचनाहरु धनुषाको जनकनन्दनी गाउँपालिकाको खजुरी स्टेशन र जनकपुर स्टेशनमा अलपत्र अवस्थामा त्यसै फ्याँकिएको छ । नेपाल रेल्वे कम्पनीका महाप्रबन्धक भट्टराईले इतिहास भइसकेको पुरानो नेरोगेज रेल्वेका इन्जिनलगायतका संरचनालाई संरक्षण सम्बर्द्धन एवं अवलोकनका लागि सङ्ग्रहालय स्थापना गर्ने लक्ष्य लिएको र यसको लागि नेपाल रेल्वे कम्पनीले केही बजेट समेत छुट्याएको जानकारी दिनुभयो । उहाँले सङ्ग्रहालयको लागि उपयुक्त ठाउँबारे स्थानीय सरकारसँग समन्वय गरेर सङ्ग्रहालय निर्माण गर्ने बताउनुभयो ।

महाप्रबन्धक भट्टराईले भन्नुभयो, “अहिले पहिलो प्राथमिकतामा जनकपुर-जयनगर ब्रोडगेज रेल सञ्चालन रहेको छ । रेल सेवा सञ्चालनपश्चात पुरानो संरचनाको लागि सङ्ग्रहालय निर्माण प्रक्रिया अघि बढाउने छौं ।” रेल्वेका पुराना तथा ऐतिहासिक संरचनाहरुलाई कौडीको भाउमा बेच्नुभन्दा संसारमा बिरलै भेटिने यस्ता चिजहरुलाई संरक्षण गरेर सङ्ग्रहालय बनाइए त्यसबाट आर्थिक लाभ समेत गर्न सकिने स्थानीयवासीको भनाइ छ । नेपालको रेल्वे इतिहासलाई बचाइराख्न समेत सङ्ग्रहालय बनाएर व्यवस्थित गर्न सबैको एकमत देखिन्छ ।

**कर्मचारी र कानून नहुँदा तत्काल सञ्चालनमा समस्या**

आवश्यक कानून र कर्मचारी नहुँदा शुक्रबार जनकपुर ल्याइएका दुई रेल शनिबार पुनः भारतको जयनगर फर्केको छ । शुक्रबार रेल ल्याएर आएका भारतको कंकोण रेलवे कर्पोरेशनका कर्मचारीहरूले शनिबार दुबै रेल भारत लिएर गएका हुन् । रेल्वे तथा मेट्रो विकास कार्यालयका जनकपुरका इन्जिनियर विनोद ओझाले अहिले रेल जयनगरको स्टेशनमा राखिने बताउनुभयो । इन्जिनीयर ओझाले भन्नुभयो, “जयनगरमा नेपालको आफ्नै स्टेशन छ । सोही स्टेशनमा अब ती रेल राखिने छन् । सधैँ बन्द भएर इन्जिन नबिग्रियोस् भनेर बेलाबेलामा इन्जिन चलाइरहनु पर्छ । अहिले सञ्चालन नहुँदासम्म इन्जिनको हेरचाहसँगै रेलको अन्य सुरक्षा कंकोण कम्पनीले नै गर्नेछ ।”

यसअघि जयनगर-जनकपुर रेल चलाउन २०१९ सालमा बनाइएको कानून अहिले सान्दर्भिक नभएकाले सरकारले रेल सञ्चालनसम्बन्धी नयाँ कानून ल्याउन लागेको छ । गत पुसमा राष्ट्रियसभामा दर्ता भएको रेल्वेसम्बन्धी विधेयक अहिलेसम्म पास नभएकाले रेल चलाउन समस्या देखिएको हो ।

# २६ बुँदे घोषणापत्र जारी गर्दै एनआरएनए दोस्रो विश्व स्वास्थ्य सम्मेलनको समापन

लण्डन, ५ असोज (रासस) ।

गैरआवासीय नेपाली सङ्घ (एनआरएनए) अन्तर्राष्ट्रिय समन्वय परिषद्को दोस्रो विश्व स्वास्थ्य सम्मेलन आइतबार सम्पन्न भएको छ । शुक्रबारदेखि आयोजना गरिएको उक्त सम्मेलन २६ बुँदे विश्व नेपाली स्वास्थ्य घोषणापत्र जारी गर्दै सम्पन्न भएको हो ।

सम्मेलनले घोषणापत्रमाथि व्यापक छलफल गरेको थियो । त्यसमा विज्ञ तथा सरोकारवालाले सुझाव दिनुभएको थियो । विज्ञ तथा सरोकारवालाहरूको सुझावअनुसार घोषणापत्रमा आवश्यक कुराहरू थप गर्दै लैजाने समितिका अध्यक्ष डा सञ्जीव सापकोटाले बताउनुभयो । “धेरै विज्ञ, स्वास्थ्यकर्मी तथा सरोकारवालाहरूले आफ्नो अभिव्यक्ति दिनुभएको छ । सो टिप्पणीअनुसार बाँकी कुराहरूलाई हामी समावेश गर्दै लैजान्छौँ”, उहाँले भन्नुभयो । घोषणापत्रले विश्वभरि छरिएर रहेका स्वास्थ्यकर्मीहरूलाई एकै ठाउँमा समेट्ने प्रयास गरेको डा. सापकोटाले उल्लेख गर्नुभयो ।

दोस्रो विश्व स्वास्थ्य सम्मेलनले तयार गरेको घोषणापत्रमा डाक्टर, नर्स, फिजिसियनलगायत विश्वभरि छरिएका सबै स्वास्थ्यकर्मीलाई एकै ठाउँमा समेट्ने उल्लेख गरिएको छ । त्यस्तै स्वास्थ्यकर्मीको भूमिका, आपसी समझदारीलगायत विषयसमेत घोषणापत्रले समेटेको छ ।

घोषणापत्रले नेपाली नर्सहरू, तथा मानसिक रोग विशेषज्ञहरूको विश्वव्यापी सञ्जाल निर्माणमा जोड दिएको छ । जडीबुटीजन्य औषधिको उत्पादन तथा विकासमा जोड दिइएको छ । त्यस्तै मातृशिशु स्वास्थ्य, बालबालिका, किशोरकिशोरी तथा युवावस्थाको स्वास्थ्यलगायत विषय घोषणापत्रमा समावेश गरिएको छ । प्राकृतिक प्रकोपका लागि स्वास्थ्यकर्मीहरूको समिति, दीर्घरोग व्यवस्थापन समितिलगायत विषय घोषणापत्रमा समेटिएका छन् ।

सामाजिक चेतना अभिवृद्धिका लागि सबै स्वास्थ्यकर्मी एकजुट हुनसमेत घोषणा पत्रले आह्वान गरेको छ । त्यस्तै अन्तर्राष्ट्रिय, सरकारी, गैरसरकारी, स्थानीय निकायलगायत सबैसँग समन्वय गरेर अगाडि बढ्ने प्रतिबद्धता प्रस्तुत गरिएको छ ।

कार्यक्रमको समापन सत्रमा डा दिनेश ज्ञवाली, डा चन्द चटौत (सिकागो), डा भूपेश खड्का, डा कुश श्रेष्ठ (अस्ट्रेलिया), डा. बोधराज सुवेदी (पोल्याण्ड), डा सुरज थापा (नर्वे), डा निकिता पाठक, डा लक्ष्मण पोखरेल, डा रमेश खोजु, डा सरिता भट्टराई, डा इशान अधिकारी, डा सुनिल शाह, डा भुपेन्द्र खड्का, डा नवराज केसी, डा निस्हिता पाठक, डा ड्रोना रसाइली (क्यानडा), डा सरोज निरौला (क्यानडा) , डा पुरु श्रेष्ठलगायतले आफ्नो धारणा प्रस्तुत गर्नु भएको थियो ।

त्यस्तै एनआरएनए आइसीसीका को-चेयर सत्यनारायण चौधरी, यस्मिन बेगम सइद, मञ्जु सङ्ग्रौला, एकनाथ खतिवडा, किरन सापकोटा, दोना पाण्डे, रजनी प्रधान, गोविन्द श्रेष्ठ (सिकागो), जनक बराल, मुकुन्द केसी (दक्षिण अफ्रिका), सुन्दरी लामा (नर्स स्पेन), विमला सापकोटा एनआरएनए युथ संयोजकलगायतले आफ्नो धारणा राख्नुभएको थियो ।

जारी घोषणापत्र काजगमा मात्रै सीमित हुन नदिन कार्यान्वयन पक्षमा जोड दिनुपर्ने अधिकांशको धारणा थियो । यसमा सरकारको भूमिका कम देखिएकाले सरकारलाई पनि घचघच्याउँदै जानुपर्ने विचार अधिकांशले व्यक्त गर्नुभएको थियो ।

दोस्रो विश्व स्वास्थ्य सम्मेलन समापन समारोहमा विभिन्न मुलुकमा रहेका २०० भन्दा बढी स्वास्थ्यकर्मी, सरोकारवाला तथा विज्ञहरूको सहभागिता थियो । पचासभन्दा बढी स्वास्थ्यकर्मी, विज्ञ तथा एनआएएनएका पधाधिकारीहरूले आफ्नो धारणा राख्नुभएको थियो ।

***स्थानीय प्रशासनले …***

रोक लगाएपछि वीरगञ्ज नाका हुँदै एउटा पनि प्याज बोकेको ट्रक नेपाल भित्रिएको छैन । यसअघि वीरगञ्ज भन्सार नाकाबाट दिनको तीन ट्रकभन्दा बढी प्याज नेपाल भित्रिने गरेको वीरगञ्ज भन्सार कार्यालयका सूचना अधिकारी विमलकुमार साहले बताउनुभयो । यता प्याजको अभाव हुन थालेपछि सिमावर्ती नाका रक्सौलबाट तस्करहरूले साइकलमा राखी नेपालतर्फ प्याजको तस्करी गर्न थालेको पाइएको छ ।


**बोन्ड पेपर हराएको सूचना**

जनकपुरदेखी जलेश्वर जाँदै गरेको अवस्थामा २०७७ साल साउन २५ गते मेरो निम्न ब्यहोराको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।

**नाम : राजिन्द्र डोम**
**ठेगाना : जलेश्वर-२, महोत्तरी**
**वी.ले.नं. : २५१३०४४७२**

**बोन्ड पेपर हराएको सूचना**

जनकपुरदेखी जलेश्वर जाँदै गरेको अवस्थामा २०७७ साल साउन २० गते मेरो निम्न ब्यहोराको बोन्ड पेपर हराएको हुँदा फेला पार्नुहुने महानुभावले नजिकको प्रहरी चौकीमा सम्पर्क गर्नुहोला ।

**नाम : साजन देवी**
**ठेगाना : जलेश्वर-२, महोत्तरी**
**वी.ले.नं. : २५१३२४४७१**


## विश्व समाचार

# भारतमा कोरोना सङ्क्रमितको संख्या बढे पनि ताजमहल खुल्यो

आग्रा, ५ असोज (रासस-एएफपी) ।

भारतमा कोरोना भाइरसका सङ्क्रमितको सङ्ख्या बढे पनि उत्तर प्रदेशको आग्रास्थित ताजमहल र केही विद्यालयहरु स्थानीय प्रशासनले खुला गरेको छ । भारतमा कोभिड-१९ बाट सङ्क्रमितको सङ्ख्या ५४ लाख नाघिसकेको छ । संयुक्तराज्य अमेरिकापछि भारतमा सबैभन्दा बढी मानिस कोभिड-१९ बाट सङ्क्रमित भइसकेका छन् ।

गत मार्च महिनामा सरकारले गरेको कडा लकडाउनका कारण लाखौं मानिसको जीविकामै असर परेको छ । त्यहीकारण प्रधानमन्त्री नरेन्द्र मोदी पछिल्ला दिनमा अरु मुलुकले अवलम्बन गरेझैं कडा नियम लागू गर्न इच्छुक देखिनुभएको छैन । सरकारले पछिल्ला महिनाहरुमा रेलसेवा, घरेलु विमान सेवा, बजार र रेष्टुराँ समेतका पेशा व्यवसायमा गरिएका प्रतिबन्धहरु खुकुलो बनाउन थालेको छ । सरकारले अब भारतकै विश्वप्रसिद्ध स्मारक ताजमहल सर्वसाधारणका लागि खुला गरेको छ ।

ताजमहल घुम्न परिवारसहित आइपुगेका बैंकका एक अधिकृत आयुब शेखले लकडाउनका कारण धेरै मानिसले रोजगारी गुमाएको अवस्थामा सरकारले पूरै मुलुकलाई खुला गर्नुपर्ने बताउनुभयो । उहाँले भन्नुभयो, “हामीलाई अब भाइरसको डर छैन । यसले सङ्क्रमण गर्ने भए गरिसक्यो, अब कति चिन्ता लिएर बस्ने ? अहिले मानिसको मृत्युदर पनि घटेको छ । मेरो विचारमा यो भाइरस त्यतिकै हराएर जाँदैन ।”

भारतमा आग्रास्थित ताजमहल निकै लोकप्रिय पर्यटकीयस्थल हो । यो स्मारक हेर्न वर्षमा झण्डै ७० लाख मानिस यहाँ आइपुग्छन् । तर यो स्मारक विगत सात महिनादेखि बन्द छ । अधिकारीहरुले सामाजिक दूरीका नियमहरुमा कडा गरिएको र पर्यटकहरुलाई यहाँका संगमरमर छुन निषेध गरिएको बताएका छन् । राजकुमारी डायनाले सन् १९९२ मा बसेर फोटो खिचाएको बेन्चलाई विशेष किसिमबाट ल्यामिनेट गरिएको छ ताकि त्यसलाई बेलाबेला स्यानिटाइज गर्न सकियोस् ।

सोमबार पहिलो दिन बिहानै सयौं मानिस ताजमहल पुगिसकेका थिए । सुरक्षाकर्मीहरुले मानिसहरुलाई मास्क लगाउन अनुरोध गरिरहेका थिए । यहाँ दैनिक भ्रमण गर्नेको सङ्ख्या पाँच हजारमा सीमित गरिएको छ । यो सङ्ख्या विगतको भन्दा एक तिहाई मात्र हो ।

# विश्वका सर्वाधिक धनी १ प्रतिशतले अति गरिबको भन्दा ५० गुणा बढी प्रदूषण फैलाए : विश्लेषण

पेरिस, ५ असोज (रासस-एएफपी) ।

विश्वका सबैभन्दा धनी एक प्रतिशत मानिसले गर्ने कार्बन प्रदूषण विश्वका सबैभन्दा गरिब करिब ३ अर्ब १० करोड जनसङ्ख्याले गर्ने प्रदूषणभन्दा दोब्बर रहेको एक अध्ययनले देखाएको छ । पछिल्लो समय कोरानाभाइरस महामारीका कारण कार्बन उत्सर्जनमा तीव्र गिरावट आए पनि यस शताब्दीमा पृथ्वी धेरै डिग्रीसम्म तातो हुने गतिमै अग्रसर देखिएको छ । गरिब तथा विकासशील देशहरूमा प्राकृतिक प्रकोप र विस्थापनको खतरा बढाएको छ ।

अक्सफामको नेतृत्वमा गरिएको एक विश्लेषणले सन् १९९० देखि २०१५ को बीचमा वार्षिक कार्बन उत्सर्जन ६० प्रतिशतसम्म बढेको अवस्थामा पृथ्वीको कूल कार्बन बजेटको एक तिहाई हिस्सा धनी राष्ट्रको पोल्टामा रहेको देखाएको छ । कार्बन बजेट भनेको विनाशकारी तापमान अवश्यम्भावी वृद्धि हुनअघि मानवजातिले उत्पन्न गरेको हरितगृह ग्यास उत्सर्जनको सीमा हो । केबल ६ करोड ३० लाख मानिस अर्थात् एक प्रतिशतले सन् १९९० यता कूल कार्बन बजेटको नौ प्रतिशत हिस्सा ओगटेका थिए ।

स्टकहोम वातावरण इन्स्टिच्यूटले अक्सफामका लागि गरेको उक्त अध्ययन विश्लेषणले कार्बन असमानता लगातार बढेको देखाएको छ । विश्लेषणले एक प्रतिशतको उत्सर्जनको वृद्धिदर विश्वका अति गरिब आधाभन्दा बढी मानिसको भन्दा तीन गुणा बढी देखिएको जनाएको छ ।

नीति, वकालत तथा अनुसन्धान प्रमुख टिम गोरले एएफपीलाई भन्नुभयो, “चरम आर्थिक असमानता हाम्रो समाजमा विभाजनकारी मात्र होइन, यसले गरीबी न्यूनीकरणको दरलाई पनि सुस्त बनाउन गर्दछ ।” सन् २०१५ को पेरिस जलवायु सम्झौताले मुलुकहरुलाई वैश्विक तापमान वृद्धिलाई “पूर्व-औद्योगिकस्तर” भन्दा दुई डिग्री सेल्सियसभन्दा तल झार्न प्रतिबद्ध बनाएको छ ।

तर त्यस बेलादेखि नै उत्सर्जन निरन्तर बढिरहेको छ । धेरै विश्लेषणहरूले चेतावनी दिएका छन् कि हरित विकासलाई पूर्ण प्राथमिकता नदिएसम्म कोभिड-१९ का कारण प्रदूषणमा आएको कमीलाई जोगाएर राख्न नसकिने बताएका छन् ।

हालसम्म केबल १ डिग्री सेल्सियस विश्व तापमान बढेकै अवस्थामा पनि पृथ्वीका विभिन्न भागमा वनडढेलो, सुख्खा र समुद्री सतह बढेका कारण ठुल्ठूला आँधीबेहरी देखिएको छ । गोरले सरकारहरुले कोभिड-१९ को विषम परिस्थितिमा जलवायु परिवर्तन र असमानताका दुईवटा चुनौतीलाई सामना गर्न विशेष पुनरुत्थान योजना अघि बढाउनुको विकल्प नरहेको बताउनुभयो ।

“यो स्पष्ट भइसकेको छ कि विगत २०-३० वर्षको अवधिमा अपनाइएको आर्थिक वृद्धिको असमान ढाँचाले विश्वका सबैभन्दा गरिब आधा जनसंख्याले फाइदा लिन सकेका छैनन्,” उहाँले भन्नुभयो । “आर्थिक विकास र जलवायु सङ्कटबीच हामीले कुनै एउटा छान्नु पर्दछ भन्ने गलत मान्यता जबर्जस्ती स्थापित गर्न खोजिएको छ, जुन दुर्भाग्यपूर्ण हो ।” अक्सफामको प्रतिवेदनमाथि टिप्पणी गर्दै अफ्रिकीमुलुक चाडकी वातावरणीय अभियन्ता हिन्डो ओमारु इब्राहिमले आर्थिक समानतालाई प्राथमिकता नदिई जलवायु परिवर्तनलाई मात्र सम्बोधन गर्न नसकिने बताउनुभयो ।

# कैद सजाय छुट हुने व्यवस्थालाई विनाभेदभाव कार्यान्वयन गर्न आयोगको आग्रह

काठमाडौँ, ५ असोज (रासस)।

राष्ट्रिय मानव अधिकार आयोगले सर्वोच्च अदालतको आदेशानुसार कैद सजाय छुट हुनसक्ने व्यवस्थालाई विनाभेदभाव कार्यान्वयन गर्न आग्रह गरेको छ।

आयोगका सचिव वेदप्रसाद भट्टराईले सोमबार प्रेस विज्ञप्ति जारी गरी कारागार नियमावली, २०२० को नियम २९ बमोजिम सर्वोच्च अदालतले दिएको आदेशको विनाभेदभाव कार्यान्वयन गर्न आग्रह गर्नुभएको हो। आयोगले कैदीबन्दीको स्वास्थ्यलगायत समग्र मानव अधिकार अवस्थाका सम्बन्धमा आयोगको वाग्मती प्रदेश कार्यालयबाट कारागार व्यवस्थापन विभागलाई पत्राचार गरेको जनाएको छ।

कोभिड-१९ को महामारीको अवस्थामा कैदीबन्दीको स्वास्थ्यको अधिकार सम्बन्धमा आयोगले सोमबारदेखि अनुगमन शुरु गरेको छ। अनुगमन टोलीमा आयोगको केन्द्रीय कार्यालय र प्रदेश कार्यालयबाट सहसचिव तथा अधिकृतको सहभागिता रहेको छ। टोलीलाई आवश्यक सहयोग पुऱ्याइ मानव अधिकारको सम्मान र संरक्षणमा सहयोग गर्न सम्बन्धित सबै पक्षलाई आयोगले आग्रह गरेको छ।

यसअघि आयोगका सदस्य सुदीप पाठक नेतृत्वको टोली गत भदौ ५ गतेदेखि २५ गतेसम्म सातै प्रदेशका विभिन्न जिल्लाको कारागार अनुगमनका लागि खटिएको थियो।

### *आईसोलेशनमा ...*

यस्तै जिल्लामा सोमवार सम्ममा कुल संक्रमितको संख्या १ हजार दुई सय ४ पुगेको जिल्ला स्वास्थ कार्यालय सप्तरीले जनाएको छ। ८ सय २ जना निको भएका छन् भने हाल ३ सय ९३ जना जिल्लामा संक्रमित रहेको स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ।

# प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार श्रेष्ठलाई

काठमाडौँ, ५ असोज (रासस)।

प्रेस काउन्सिल नेपालले यस वर्षको प्रेस काउन्सिल गोपालदास पत्रकारिता पुरस्कार 'दृष्टि' साप्ताहिकका सम्पादक शम्भु श्रेष्ठलाई प्रदान गर्ने भएको छ। काउन्सिलका पूर्वअध्यक्ष गोपालदास श्रेष्ठका स्मृतिमा स्थापित कोषबाट हरेक वर्ष पुरस्कार वितरण गरिँदै आएको छ।

काउन्सिलको ५१ औँ वार्षिकोत्सवका अवसरमा मंगलबार राष्ट्रपति कार्यालय शीतल निवासमा हुने वार्षिकोत्सव समारोहमा पुरस्कार वितरण हुने काउन्सिलका कार्यवाहक अध्यक्ष किशोर श्रेष्ठले जानकारी दिनुभयो।

उक्त पुरस्कारको राशि रु एक लाख ५१ हजारको छ। सो पुरस्कार गत वर्ष 'हाँक' साप्ताहिकका सम्पादक गोविन्दबहादुर थापालाई प्रदान गरिएको थियो।

यस्तै रु एक लाख १० हजार राशिको प्रेस काउन्सिल सुरेन्द्रबहादुर बस्नेत पत्रकारिता पुरस्कार हुम्लाका अर्जुन बोहोरालाई र रु ५० हजार राशिको प्रेस काउन्सिल आचारसंहिता पुरस्कार सेतोपाटी डटकम (काठमाडौँ) लाई दिइने भएको छ। यस्तै प्रेस काउन्सिल क्रियाशील पत्रकारिता पुरस्कार गोविन्द क्षेत्री (झापा), राजन कार्की (काठमाडौँ), धर्मेन्द्र कर्ण (धनुषा), ऋषि धमला (धादिङ), उमेश श्रेष्ठ (काठमाडौँ), दीपेन्द्र श्रेष्ठ (कास्की) र नितु पण्डित (काठमाडौँ) ले पाउने भएका छन्। उक्त पुरस्कारको राशि जनही रु २० हजार रहेको छ।

यस्तै प्रेस काउन्सिल युवा पत्रकारिता पुरस्कार १४ जनालाई प्रदान गरिने छ। रु १५ हजार राशिको उक्त पुरस्कार सटेन्द्र जबेगु (इलाम), सुरेशचन्द्र अधिकारी (चितवन), माधव पौडेल (काठमाडौँ), गणेश चौधरी (कैलाली), गिरिजा अधिकारी (मकवानपुर), राजु विक (सिरहा), कमला श्रेष्ठ (काठमाडौँ), राजन सिंह (धनुषा), देवीकुमारी गुरुङ (रोल्पा), रेणु पराजुली (उदयपुर), दीपेन्द्र वली (सुर्खेत), शेरबहादुर थापा (सुर्खेत), राधिका कँडेल (फोटो पत्रकार, कास्की) र शान्ता कमली (लमजुङ) ले पाउने भएका छन्।

यसैगरी प्रेस काउन्सिल साहित्यिक पत्रकारिता पुरस्कार नवप्रज्ञापन साहित्यिक त्रैमासिक पत्रिका र प्रेस काउन्सिल भाषागत पत्रकारिता पुरस्कार वाम्बुले राई भाषाका लागि ओखलढुङ्गा पत्रकार गणेश राईले पाउने भएका छन्। दुवै पुरस्कारको राशि जनही रु २० हजार रहेको छ।

**पत्रकार आचारसंहिता, २०७३ (पहिलो संशोधन २०७६) र बालमैत्री सञ्चार निर्देशिकामा भएका व्यवस्थाको पालना गरौं ।।**
**पीडित वा प्रभावित व्यक्तिलाई थप पीडा हुने गरी सूचना सम्प्रेषण नगरौं ।।**

- पत्रकार तथा सञ्चार माध्यमले विपत्ति वा शोकमा परेका, दुःख-पीडा भोगिरहको व्यक्ति वा उनका आफन्तजनमा थप पीडा पुग्ने गरी वा सार्वजनिक संवदेनशीलतामा प्रतिकूल असर पर्ने गरी कुनै पनि विवरण, समाचार, श्रब्यदृश्य, संकेत लगायतका सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नु हुँदैन।
- सञ्चारमाध्यमले यौन अपराध वा सामाजिक विभेद तथा घृणाका कारण उत्पन्न घटना वा मानवता विरोधी अपराधबाट प्रभावित व्यक्ति (Surviver) वा पीडित व्यक्ति (Victim) लाई नकारात्मक असर पार्न सक्ने सामग्री उत्पादन, प्रकाशन, प्रसारण र वितरण गर्नुहुँदैन। त्यस्तो अवस्थामा प्रभावित व्यक्तिको स्वीकृति बिना र प्रभावको मूल्यांकन नगरी प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा प्रभावित वा निजका तर्फबाट उजुरी दिने व्यक्तिको नाम, ठेगाना र पहिचान प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा खुलाउनु हुँदैन।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

# सूचना

**हाल कोरोना भाइरस महामारीको कारण बन्दाबन्दीको समयमा सञ्चारक्षेत्रमा संलग्न बाहेकका ब्यक्तिहरुले सञ्चार क्षेत्रको हवाला दिंदै सञ्चारमाध्यम तथा सामाजिक सञ्जालमा अफवाहपूर्ण विषय सम्प्रेषण गर्ने, अनधिकृत रुपमा परिचय-पत्र, पोशाक सवारी साधनको प्रयोग गर्ने र सामाजिक मर्यादा विपरितका क्रियाकलाप गरेको गुनासो आएको हुँदा कोहि कसैले पनि गैर कानूनी क्रियाकलाप नगर्नु हुन अनुरोध छ। यदि यस्तो भएको पाईएमा कानूनबमोजिम कारबाही हुने ब्यहोरा सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**




देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्। हाम्रो सेवाहरु →
ipay remit | CITY EXPRESS Money Transfer | Best Remit Quick & Easy | PRABHU Money Transfer – रकम पठाउन तथा पाउनका लागि भरपर्दो माध्यम | IME International Money Express | himal remit हिमालरेमिट | CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*